नेपाल सरकार

## सहरी विकास मन्त्रालय

# सरुवा सम्बन्धी मापदण्ड, २०७२

निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम (१) को खण्ड (ख) ले मन्त्रालयले प्रत्येक वर्षको भदौ एक गते देखि भदौ मसान्त भित्रमा सरुवा गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । यसरी सरुवा गर्दा सम्बन्धित निकायले सोको मापदण्ड बनाई सो अनुसार निर्णय गर्नुपर्ने व्यवस्था समेत नियम ३६ को उपनियम (१५) ले गरेको हुँदा यस मन्त्रालयबाट गरिने नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, वि.एण्ड आर. र स्यानिटरी उपसमूह तथा यस मन्त्रालय अन्तर्गत अन्य सेवा, समूहमा कार्यरत कर्मचारीको सरुवालाई पारदर्शी, व्यवस्थित र अनुमानयोग्य बनाउनको लागि निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लेखित सरुवाको आधार र मापदण्डको अतिरिक्त देहाय बमोजिमको मापदण्ड समेत तयार गरी निजामती सेवा नियमावली, २०५० को नियम १५ र १६ बमोजिम देहायको मापदण्ड निर्धारण सम्बन्धित सबैको जानकारीको लागि यस मन्त्रालयको सूचना पाटी एवम् Website मार्फत् सार्वजनिक गरिएको छ ।

(क) सेवा प्रवाह गर्ने निकाय तथा दूर्गम स्थानका कार्यालयहरुमा सम्भव भएसम्म पद रिक्त नहुने गरी सरुवा गर्ने ।

(ख) “क” वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम अवधि पूरा गरेको कर्मचारीलाई रिक्त पद मिलेसम्म निजले मागेको भौगोलिक क्षेत्रमा सरुवा गर्ने ।

(ग) “ख” वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम अवधि पूरा गरेको कर्मचारीलाई निजले मागेको भौगोलिक क्षेत्रमा सरुवा गर्न प्राथमिकता दिने ।

(घ) सामान्यतया कुनै पनि कर्मचारीलाई कुनै पनि भौगोलिक क्षेत्रमा तोकिएको न्यूनतम अवधि पूरा नभई सरुवा नगर्ने ।

(ङ) संस्थागत जानकारी र आवश्यकता समेतलाई मध्यनगर गरी एउटै कार्यालयमा लामो अवधि बसेका कर्मचारीहरु मध्येबाट सबैभन्दा बढी अवधि भएकालाई सरुवामा पहिलो प्राथमिकता दिने ।

(च) शुरु पदस्थापन हुने र तीन महिनाभन्दा बढी अवधिको वैदेशिक अध्ययत तथा तालिम पूरा गरी फर्केका कर्मचारीहरुलाई दुर्गम स्थानका सेवा प्रवाह गर्ने कार्यालयमा पदस्थापन तथा सरुवा गर्न प्राथमिकता दिने ।

(छ) केन्द्रीयस्तरमा मात्र कार्यालय तथा दरबन्दी रहेका निकायबाट स्थानीय स्तरमा सेवा प्रवाह गर्ने कार्यालय तथा दरबन्दी हुने निकायमा आलोपालो हुनेगरी सरुवा गर्ने ।

(ज) विकास आयोजनाको अस्थायी दरबन्दीमा काज खटाउँदा आलोपालो गरी पहिले मौका नपाएकालाई प्राथमिकता दिने ।

(झ) पुरस्कृत गर्नु पर्नेलाई दण्डित भएको महसुस हुने गरी र तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक वहन नगर्नेलाई प्रोत्साहित हुने गरी सरुवा नगर्ने ।

(ञ) विभागीय कारवाहीको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही वा कारवाहीको प्रक्रियाबाट उन्मुक्ति पाउने किसिमले अन्यत्र सरुवा नगर्ने ।

(ट) कुनै कार्यालयमा कार्यरत तोकिएको जिम्मेवारी पूरा नगर्ने र कार्यालयको काममा समस्या सिर्जना गर्ने कर्मचारीलाई कार्यालय प्रमुख र विभागीय प्रमुखको सिफारिसमा सरुवा अवधि नपुगेको हकमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई अन्यत्र सरुवा गर्ने ।

(ठ) कुनै कर्मचारी कार्यरत स्थानमा उपचार हुन नसक्ने भनी मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्ता कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश तथा उपदफा (७) को प्रतिकूल नहुने गरी यथासम्भव उपचार हुनसक्ने क्षेत्रमा सरुवा गर्ने ।

(ड) कुनै पनि कर्मचारीलाई सामान्यतया पाँच वर्ष भन्दा बढी अवधि एउटै कार्यालयमा नराख्ने ।

(ढ) कुनै कार्यालयमा यसअघि न्यूनतम अवधि पूरा गरिसकेको कर्मचारीलाई सोही पदमा सोही कार्यालयमा सामान्यतया दोहोऱ्याएर सरुवा नगर्ने ।

(ण) राजपत्र अनंकित श्रेणीमा कार्यरत कर्मचारीको सरुवा गर्दा रिक्त पद मिलेसम्म पति, पत्नी दुवैलाई एउटै जिल्लामा मिलाउने व्यवस्था गर्ने ।

(त) भूकम्पबाट अति प्रभावित जिल्लाहरुका कार्यालयमा रिक्त रहेका पदहरु पूर्ति गर्ने गरी सरुवामा प्राथमिकता दिने ।

(थ) भूकम्पमा परी घाईते भएका, अङ्ग भङ्ग भएका, गर्भवती र सुत्केरी कर्मचारीलाई निजको इच्छा विपरित अन्यत्र सरुवा नगर्ने सो सम्बन्धमा घाईते वा अङ्ग भङ्ग भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालय र गर्भवती सुत्केरी भनी मान्यता प्राप्त अस्पतालबाट प्रमाणित गरिएको कागजात पेश गर्नुपर्ने ।

(द) एउटै निकायमा एक भन्दा बढी कर्मचारीको सरुवाको लागि निवेदन प्राप्त भएको अवस्थामा यस अघि उक्त निकाय अन्तर्गत कार्य नगरेको कर्मचारी मध्येबाट दूर्गम क्षेत्रमा काम गरेको र हालको पद तथा कार्यालयमा कार्यरत अवधि समेतलाई आधार मानी दूर्गममा काम गर्ने र एउटै पदमा बढी अवधि काम गरेकालाई प्राथमिकता दिने गरी सरुवा गरिनेछ ।

(इन्द्र प्रसाद बस्याल)
उपसचिव